26 July, 2025

**सबैभन्दा पहिला यस बुलेटिनका मुख्य समाचार**

Under Play

- **माल्दिभ्सको ६० औं स्वतन्त्रता दिवस समारोहमा प्रधानमन्त्री मोदी मुख्य अतिथि**
- **प्रधानमन्त्री नरेन्द्र मोदी आजदेखि तमिलनाडुको दुई दिने भ्रमणमा**
- **१७ जना सांसद संसद रत्न पुरस्कारले सम्मानित**
- **वाणिज्य मन्त्री गोयलले भारत र ब्रिटेन मुक्त व्यापार सम्झौतालाई क्रान्तिकारी परिवर्तन बताउनुभयो**
- **देशले आज कारगिल विजय दिवस पालन गऱ्यो**
- **फिडे महिला विश्वकपको फाइनलमा भारतका कोनेरू हम्पी र दिव्या देशमुखमाझ भिडन्त हुँदै , अनि**
- **एन्डरसन-तेन्दुलकर ट्रफीको चौथो टेस्टमा इंग्ल्याण्डले पहिलो पारीमा 669 रन बनायो**

**प्रधानमन्त्री माल्दिभ्स**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज माल्दिभ्सको राजधानी मालेमा माल्दिभ्सको ६० औं स्वतन्त्रता दिवस समारोहमा 'मुख्य अतिथि' का रूपमा सहभागिता जनाउनुभयो। राष्ट्रपति डा. मोहम्मद मुइज्जुको विशेष निमन्त्रणामा प्रधानमन्त्री माल्दिभ्सको राजकीय भ्रमणमा हुनुहुन्थ्यो।

यसअघि, प्रधानमन्त्री नरेन्द्र मोदीले आज माल्दिभ्सका उपराष्ट्रपति हुसेन मोहम्मद लतीफसँग भेटवार्ता गर्नुभयो। दुई नेताहरूले पूर्वाधार, प्रविधि, जलवायु परिवर्तन, ऊर्जा र अन्य क्षेत्रहरूमा केन्द्रित भारत-माल्दिभ्स मित्रताका प्रमुख स्तम्भहरूबारे छलफल गर्नुभयो। प्रधानमन्त्री मोदीले दुई राष्ट्रहरू बीचको घनिष्ठ सहकार्यले उनीहरूका जनतालाई धेरै फाइदा पुगेको र दुवै देश आगामी वर्षहरूमा आफ्नो साझेदारीलाई अझ गहिरो बनाउन तत्पर रहेको कुरामा जोड दिनुभयो।

यसरीनै, प्रधानमन्त्री मोदीले माल्दिभ्सको संसद **पिपोल्स मजलिस**का अध्यक्ष अब्दुल रहिम अब्दुल्लासँग पनि छलफल गर्नुभयो। उहाँहरूले भारत-माल्दिभ्सको गहिरो मित्रताको बारेमा कुराकानी गर्नुभयो।

प्रधानमन्त्री मोदीले माल्दिभ्सका पूर्व राष्ट्रपति मोहम्मद नाशीदसँग पनि भेट गर्नुभयो। यसरी नै प्रधानमन्त्रीले माल्दिभ्सका विभिन्न राजनीतिक दलका सदस्यहरूसँग पनि भेटघाट गर्नुभएको थियो।

**प्रधानमन्त्री तमिलनाडु**

प्रधानमन्त्री नरेन्द्र मोदी आजदेखि तमिलनाडुको दुई दिने भ्रमणमा हुनुहुन्छ। माल्दिभ्सबाट फर्किएपछि, उहाँ सिधै तुतिकोरिन जानुहुनेछ, जहाँ उहाँले ४ हजार आठ सय करोड रुपियाँ बराबरका विकास परियोजनाहरूको उद्घाटन गर्नका साथै आधारशिला राख्ने कार्यक्रम रहेको छ।

## संसद रत्न

आज नयाँ दिल्लीमा अनुकरणीय कार्यसम्पादनका लागि १७ जना सांसदलाई संसद रत्न पुरस्कारले सम्मानित गरियो। यसमा भाजपाका रवि किशन र दिनेश शर्मा, कंग्रेसकी वर्षा गायकवाड, एनसीपी-सपाकी सुप्रिया सुले र शिव सेना-यूबीटीका अरविन्द सावन्त समावेश हुनुहुन्छ। यस अवसरमा संसदीय मामिला मन्त्री किरेन रिजिजुले यो पुरस्कार यी सांसदहरूको विशेष योगदानको मान्यता भएको बताउनुभयो।

## गोवा-राज्यपाल शपथ

पणजीस्थित राजभवनमा आयोजित एक औपचारिक कार्यक्रममा वरिष्ठ राजनीतिज्ञ तथा पूर्व केन्द्रीय मन्त्री पुषापति अशोक गजपति राजुले आज गोवाका नयाँ राज्यपालको रूपमा शपथ ग्रहण गर्नुभयो। बम्बई उच्च न्यायालयका मुख्य न्यायाधीश न्यायमूर्ति आलोक आराधेले उहाँलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभयो।

## गोयल - एफटीए

वाणिज्य मन्त्री पियुष गोयलले भारत र ब्रिटेनबीच हालै भएको मुक्त व्यापार सम्झौता एफटीएलाई क्रान्तिकारी परिवर्तनको रूपमा वर्णन गर्नुभएको छ। नयाँ दिल्लीमा, श्री गोयलले भन्नुभयो, यो सम्झौताले धेरै क्षेत्रमा विशाल अवसरहरू खोल्नेछ र साथसाथै मुख्य हितहरूको रक्षा गर्नेछ। वाणिज्य मन्त्रीले एफटीएमा प्रबल योगदान सम्मेलन सम्झौता समावेश गरिएकोमा पनि प्रशंसा व्यक्त गर्नुभएको छ। उहाँले यसलाई भारतको अहिलेसम्मको सबैभन्दा ठूलो र सबैभन्दा व्यापक व्यापार सम्झौताको संज्ञा दिनुभयो। यसले भारतको वैश्विक व्यापार साझेदारीको लागि नयाँ बेन्चमार्क स्थापित गरेको छ। उहाँले यसको श्रेय प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वलाई दिनुभयो।

## झारखण्ड- नक्सलवादी

झारखण्डको गुम्ला जिल्लाको घागरा पुलिस स्टेसन क्षेत्रमा आज बिहान पुलिससँगको भिडन्तमा प्रतिबन्धित नक्सलवादी संगठन जेजेएमपीका तीन सदस्य मारिएका छन्।

## प्रधानमन्त्री-मन की बात

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बिहान ११ बजे आकाशवाणीमा मन की बात कार्यक्रममा देश र विदेशका जनतासँग आफ्ना विचार साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको १२४ औं श्रृङ्खला हुनेछ।

## कारगील विजय दिवस

देशले आज कारगिल विजय दिवस पालन गर्‍यो। यो दिन १९९९ मा पाकिस्तान विरुद्धको कारगिल युद्धमा शहीद भएका वीर सैनिकहरूको सम्झनामा मनाइन्छ।

यो दिवस अपरेशन विजयको सफलताको प्रतीक हो। यसमा, भारतीय सेनाले कारगिलका ती क्षेत्रहरूमाथि नियन्त्रण फिर्ता लिएको थियो जहाँ पाकिस्तानी सैनिक र आतंककारीहरूले अनुप्रवेश गरेका थिए। लगभग ६० दिनसम्म चलेको यो युद्ध आज कै दिन समाप्त भएको थियो।

राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीले यस अवसरमा शहीदहरूलाई श्रद्धाञ्जली अर्पण गर्नुभएको छ।

## भाजपा-करगिल विजय दिवस

भारतीय जनता पार्टी भाजपाले आज नयाँ दिल्लीस्थित पार्टी मुख्यालयमा वीर सैनिकहरूको पराक्रमको सम्झनामा करगिल विजय दिवस पालन गर्‍यो। केन्द्रीय मन्त्री एवम् भाजपा अध्यक्ष जगत प्रकाश नड्डा अनि रक्षा राज्यमन्त्री सञ्जय सेठ पनि यस कार्यक्रममा सामेल हुनुभयो। यस अवसरमा श्री नड्डाले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारत आत्मनिर्भर बनिरहेको छ भन्नुभयो।

## क्यान्सर जाँच

सरकारले आयुष्मान आरोग्य मन्दिर र राष्ट्रिय स्वास्थ्य मिसन अन्तर्गत देशभरि १० करोड १८ लाखभन्दा धेरै महिलाको पाठेघरको क्यान्सरको जाँच गरेको छ। स्वास्थ्य मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ, यो उपलब्धि गैर-संक्रामक रोगहरूको जाँच, रोकथाम र व्यवस्थापनको लागि जनसंख्या-आधारित पहलको एक अंश हो। यो पहलले ३० देखि ६५ वर्ष उमेर समूहका महिलाहरूलाई लक्षित गरेको मन्त्रालयले जनाएको छ।

## चेस

जर्जियामा भइरहेको फिडे महिला विश्वकपको फाइनलमा आज भारतकी कोनेरू हम्पीको भिडन्त आफ्नै देशकी दिव्या देशमुखसित हुनेछ।
यस भिडन्तमा जित्ने खेलाडीले क्यान्डिडेट्स टूर्नामेन्टका लागि क्वालीफाई गर्नेछन्। यसका विजेता विश्व चैम्पियनशिप उपाधिका लागि चीनकी **जू वेनजुन**सित खेल्नेछन्।

## क्रिकेट

एन्डरसन-तेन्दुलकर ट्रफीको चौथो टेस्टको, चौथो दिन, भारतले आयोजक इङ्ग्ल्यान्ड विरुद्धको दोस्रो पारीमा 2 विकेट खर्च गरेर 47 रन बनाएर खेलिरहेको छ। यस भन्दा अघि, म्यानचेस्टरमा इङ्ग्ल्यान्डले आफ्नो पहिलो पारीमा ३११ रनको अग्रता लिँदै ६६९ रन बनाएको थियो।
इङ्ग्ल्यान्डका स्टार ब्याट्सम्यान जो रुट २४८ बलमा १५० रन बनाएर टेस्ट क्रिकेटको इतिहासमा दोस्रो सर्वाधिक रन बनाउने खेलाडी बने, जसले अस्ट्रेलियाका रिकी पोन्टिङको १३ हजार ३७८ रनको रेकर्डलाई तोडे। इङ्ग्ल्यान्डका यी दिग्गज अब १५ हजार ९२१ रन बनाउने भारतका सचिन तेन्दुलकरभन्दा पछि छन्।

## अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट

Under Play music

- **माल्दिभ्सको ६० औं स्वतन्त्रता दिवस समारोहमा प्रधानमन्त्री मोदी मुख्य अतिथि**
- **प्रधानमन्त्री नरेन्द्र मोदी आजदेखि तमिलनाडुको दुई दिने भ्रमणमा**
- **१७ जना सांसद संसद रत्न पुरस्कारले सम्मानित**
- **वाणिज्य मन्त्री गोयलले भारत र ब्रिटेन मुक्त व्यापार सम्झौतालाई क्रान्तिकारी परिवर्तन बताउनुभयो**
- **देशले आज कारगिल विजय दिवस पालन गऱ्यो**
- **फिडे महिला विश्वकपको फाइनलमा भारतका कोनेरू हम्पी र दिव्या देशमुखमाझ भिडन्त हुँदै , अनि**
- **एन्डरसन-तेन्दुलकर ट्रफीको चौथो टेस्टमा इंग्ल्याण्डले पहिलो पारीमा 669 रन बनायो**